# ILF-Nepal

## दि इन्टरनेशनल लिगल फाउन्डेशन नेपाल

---

### मुद्दा सम्बन्धी टिपोट- जुलाई - अगष्ट २०११

***संपादकको टिप्पणी** : यो अंकले फेरी पनि लगातार रुपमा पुर्पक्षमा हुने गरेको ढिलाईको बारेमा जोड दिएको छ, जसको परिणाम स्वरुप शिघ्र सुनुवाईको हकको उलंघन हुन्छ । अदालतले विभिन्न कारणले गर्दा मुद्दाको प्रकृया अगाडि बढाउन ढिलाई गर्छ । जस्तै : साक्षी उपस्थित नहुनु, स्थानिय अधिकारीले आदेश गरे बमोजिमको विषेश प्रमाण पेश गर्न नसक्नु ईत्यादि । यसका साथै कुनै निश्चित कारण बिना नै अन्यायोचित तरिकाले पनि सुनुवाईको स्थगन हुन्छ । एउटा प्रतिवादी एक बर्षभन्दा बढि थुनामा रहेको हुन्छ तैपनि अदालतले मुद्दा पुर्पक्षका लागि फरार अभियुक्तलाई कुरिरहेको हुन्छ । यहाँ उल्लेख गरिएका मुद्दा कम्तिमा एक बर्ष र केहि मुद्दाहरु तीन बर्षसम्म पनि लम्बिएका छन् ।*

***

हामीले यस अघिका धेरै अंकहरुमा उल्लेख गरे झैं नेपालले बन्दिको मुद्दामा शिघ्र सुनुवाईको हकको सुनिश्चित गरेको छ । नेपालको सर्बोच्च अदालतले शिघ्र सुनुवाईको हकलाई नेपालको अन्तरिम संविधान २०६३ धारा २४(९) ले सुनिश्चित गरे बमोजिम स्वच्छ सुनुवाईको महत्वपुर्ण हिस्साको रुपमा उल्लेख गरेको छ । यसका साथै नेपालले आधिकारीक रुपमा सहमति जनाएको ICCPR ले फौजदारी अभियोगमा उपयुक्त समयभित्र पुर्पक्ष हुनुपर्छ । यदि पुर्पक्षमा आवश्यकता भन्दा बढि ढिला भएमा उसलाई थुनामुक्त गरिनुपर्छ भन्ने व्यवस्था गरेको छ । अं.बं १४ ले फौजदारी मुद्दाको किनारा बढिमा एकबर्ष भित्रमा लगाईसक्नु पर्छ भनेर समयसिमा निर्धारण गरेको छ । यदि अनावश्यक रुपमा मुद्दा लम्बिएर मुद्दाको कुनै पक्ष सताईएको छ भने न्याय प्रशासन ऐन ८(३)(ख) ले पुनरावेदन अदालतलाई यस्तो मुद्दामा निर्णय गर्ने अधिकार दिएको छ । अ.वं को १२३ अनुसार पुर्पक्षको प्रकृयामा अनावश्यक ढिलाई भएमा यसको कानुनी उपचार भनेको उसलाई अदालतको तारिखमा हाजिर हुने शर्तमा अथवा धरौटिमा रिहा गरिनुपर्छ । नेपालले अ.ब. १३, १५, १२२ र १२७ लगायत अरु धेरै खण्डहरुले शिघ्र सुनुवाईको हकको हनन्लाई रोकेको छ । यी कानुनी व्यवस्थाहरुले आत्मसात गरेको कुरालाई सर्वोच्च अदालतले बेलाबेलामा मान्यता प्रदान गर्दै आएको छ । तथापि नेपालको फौजदारी न्याय पद्धतिमा विनाकारण ढिलाई हुने अवस्था विद्यमान छ । दुर्भाग्यवश, आई एल एफ नेपालका धेरैजसो पक्षहरु आफ्नो मुद्दाको पुर्पक्ष र टुङ्गो लाग्ने प्रतिक्षामा बर्षौं जेलमा बस्न बाध्य छन् ।

***

*पुर्पक्षमा ढिलाई हुने एउटा अन्यायोचित कारण भनेको सह अभियुक्त अनुपस्थित हुनु हो ।*

**नेपाल सरकार विरुद्ध रोशन गुरुङ (आई एल एफ नेपाल ५१९) (अधिवक्ता नीलम पौडेल)**

---

**Address: Uma Bhawan, Surya Marg No. 19, Babarmahal, Kathmandu, Nepal**
**Telephone: +977 (0) 1 422 3545 Email: ILFNepal@wlink.com.np Website: www.TheILF.org**

भरियाको काम गर्ने बर्ष १७ का रोशन गुरुङ २० अप्रिल, २०१० मा पक्राउ परे । उनलाई र एकजना सहअभियुक्तलाई मानव वेचविखन संबन्धि मुद्दा लगाईयो, तर सह प्रतिवादी भने पक्राउ परेनन् । पिडीत भनिएकी केटीसँग हाम्रो पक्षको पहिले प्रेम संबन्ध भएको हुन सक्ने देखिएकोले ऊ मानव बेचविखन तथा ओसार पसारमा संलग्न भएको अथवा उ कुनै किसिमको शोषणमा संलग्न भएको भन्ने कुनै प्रमाणले देखाएन । तथापि उसलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाईयो । अभियोग पत्र दर्ता भइसकेपछि अदालतले पिडितलाई बकपत्रका लागि उपस्थित हुन पटक पटक आदेश दियो, तर उनी बकपत्र गर्न उपस्थित भइनन् । त्यसैगरी अदालतले सह अभियुक्तहरुलाई पनि उपस्थित हुन पटकपटक पत्र काट्यो तर उ उपस्थित भएन । अदालतले धेरै पटक मुद्दाको स्थगन गऱ्यो ।

तर सहअभियुक्त अदातलमा उपस्थित नभएको कारणले अर्को प्रतिवादीको सुनुवाईको प्रकृया रोकिनु कानुन सम्मत होईन । अ.ब. १२२ ले अदालतलाई पक्राऊ परेको व्यक्तिको हकमा बुझ्नु पर्ने प्रमाण बुझेर मुद्दाको किनारा लगाउन स्पस्ट अधिकार दिएको छ र यसले विनाकारण अदालतलाई थुनामा रहेको व्यक्तिको मुद्दा लम्ब्याउन रोक लगाएको छ । अ.बं. को १९१ अनुसार पक्राऊ परेको व्यक्तिले अभियोग स्विकार अथवा ईन्कार जे गरे पनि फरार प्रतिवादी पक्राऊ नपरुन्जेलसम्म सो व्यक्तिलाई थुनामा राखिरहनु हुँदैन । अर्को शब्दमा भन्नुपर्दा, थुनामा रहेको प्रतिवादीको मुद्दा अर्को फरार प्रतिवादीसँग जोडिएको भए पनि थुनामा रहेको प्रतिवादीले शिघ्र सुनुवाईको हकको प्रचलन गर्न पाउनुपर्छ । यदि अदालतले फरार सह अभियुक्त उपस्थित नहुन्जेलसम्मका लागि मुद्दाको पुर्पक्षमा ढिलाई गर्न चाहन्छ भने थुनामा रहेको अर्को प्रतिवादीलाई थुनामुक्त गरिनुपर्छ ।

यो मुद्दामा प्रकृया धेरै नै लम्बिएको हुनाले आई एल एफ नेपालले अ.बं १९१ अनुसार रोशन गुरुङको मुद्दा टुङ्ग्याउन लागि निवेदन दर्ता गऱ्यो । किनभने अ.बं १४ ले तोके अनुसार मुद्दाको फैसला गर्नु पर्ने १ वर्षको कानुनी समयसिमा नजिकै आईरहेको थियो । तर अदालतले मुद्दाको फैसला गर्नुको सट्टा अर्को साधारण तारिख तोक्यो र फरार सह अभियुक्तलाई अदालतमा उपस्थित हुन पुनः म्याद तामेल गऱ्यो । अघिल्लो तामेली पत्र पाँच महिना अघि जारी गरिएको थियो तर त्यसबाट केहि हात लागेको थिएन । अहिले पक्षलाई औपचारीकरुपमा अभियोग लगाइएको एकबर्षभन्दा बढि भइसक्यो र आई एल एफ नेपालका अधिवक्ताले अ.ब. १२२ र पक्षको स्वच्छ सुनुवाईको हकको उलंघन भयो भन्दै मुद्दाको काम अगाडि बढाउन अर्को निवेदन पेश गरे । यद्यपि अदालतले यो निवेदनउपर औपचारिकरुपमा निर्णय जारी गरेन । तर पहिलो पटक यो मुद्दामा साक्षी बकपत्रको लागि सेप्टेम्बर ११, २०११ को तारिख तोक्यो ।

## नेपाल सरकार विरुद्ध विमला तामाङ (आई एल एफ नेपाल ६६८) (अधिवक्ता नीलम पौडेल)

विमला तामाङ सेप्टेम्बर २७, २०१० मा पक्राउ परिन र उनलाई नागरीकता प्रमाणपत्र किर्ते गरेको अभियोग लगाईयो । उनलाई ६०,००० रुपैंया धरौटी तोकिएको थियो तर उनले धरौटी तिर्न सकिनन् । आई एल एफ नेपालले धरौटीको विषयलाई लिएर पुनरावेदन अदालतमा १७ नं निवेदन दायर गऱ्यो, तर पुनरावेदन अदालतले १७ नं को निवेदन अस्विकार गऱ्यो जसको परिणामस्वरुप विमला लगायत अरु दुई जना सहअभियुक्तहरु थुनामा

बस्न वाध्य भए र चौथो सह अभियुक्त चाहिं फरार छ । अक्टोबर २४,२०१० मा अभियोग पत्र दर्ता भईसकेपछि अहिलेसम्म साक्षी बकपत्रको लागि तारिख तोकिएको छैन । अदालतले मुद्दा स्थगन गर्दै आयो र साक्षी बकपत्रका लागि मिति तोक्न अस्विकार गर्दै आयो अनि फरार सह अभियुक्तलाई उपस्थित हुन बारम्बार म्याद जारी गरि रह्यो । अरु तिन जना सह अभियुक्तहरु थुनामा नै रहे ।

कानुनतः मुद्दाको टुङ्गो लगाउने एक बर्षको म्याद नजिकै आईरहेकोले आई एल एफ नेपालले विमलालाई थुनामुक्त गर्न र अ.बं १२२ अनुसार मुद्दाको कारवाहि अघि बढाउन अनुरोध गर्दै जिल्ला अदालतमा निवेदन दर्ता गऱ्यो । माथि उल्लेख गरिएको रोशन गुरुङको मुद्दामा जस्तै औपचारीकरुपमा आई एल एफ नेपालको शिघ्र सुनुवाईको निवेदनमा औपचारीक आदेश गर्न अस्विकार गरेता पनि अदालतले सेप्टेम्बर २०११ का लागि साक्षि बकपत्रको तारिख तोक्यो ।

***

*साक्षी उपस्थित नभएको कारणले पनि अदालतले प्रकृयामा ढिलाई गरेको छ ।*

**<u>नेपाल सरकार विरुद्ध कुमार गुरुङ</u> (आई एल एफ नेपाल ३१६) (अधिवक्ता मोहन शाशंकर)**

कुमार गुरुङ लगायत अरु सात जनालाई कुमारको मालिकलाई अपहरण गरेको मुद्दा लगाईएको थियो । उक्त मालिकको घरमा उनले ड्राइभरकोरुपमा धेरै महिनासम्म काम गरेका थिए । उनलाई १६ जुन, २००९ मा पक्राऊ गरिएको थियो । १९ जुलाई, २००९ मा अदालतले कुमारलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । आई एल एफ नेपालका अधिवक्ताहरुले हाम्रो पक्षलाई थुनामुक्त गरिनुपर्छ भनेर पुनरावेदनमा निवेदन दर्ता गऱ्यो तर त्यो अनुरोध अस्विकार गरियो । डिसेम्बर २८, २००९ र जनवरी ४, २०१० बिचमा साक्षी बकपत्रका लागि तारिखहरु तोकिए तर जाहेरवाला र सरकारी पक्षका महत्वपुर्ण साक्षीहरु अदालतमा उपस्थित भएनन् । अदालतले जाहेरवाला २७ डिसेम्बर, २०१० मा उपस्थित भएर बकपत्र नगरेसम्म यो मुद्दालाई पटकपटक स्थगन गऱ्यो, जसका कारणले प्रतिवादी पक्राऊ परेको मितिबाट एक बर्षसम्म थुनामा बस्नुपऱ्यो ।

यो बकपत्र भईसकेपछि पनि अदालतले अन्तिम सुनुवाईको मिति तोक्न अस्विकार गऱ्यो । तत्कालै आई एल एफ नेपालले पुर्पक्षमा ढिलाई भएको भन्दै प्रतिवादीको थुनामुक्त गराउनका लागि बन्दी प्रत्यक्षिकरणको निवेदन दर्ता गऱ्यो, तर जिल्ला अदालतले मुद्दासँग संबन्धित जानकारी लिने क्रम जारी राखेकोले (यो मुद्दामा साक्षी बकपत्र) यसलाई गैरकानुनी थुना भन्न नमिल्ने भन्दै बन्दि प्रत्यक्षिकरणको निवेदन खारेज गऱ्यो । यो नोट लेख्दाको समयसम्म जिल्ला अदालतले अन्तिम सुनुवाईको मिति तोकेको छैन । पहिलेका न्यायाधीशबाट मुद्दालाई यथास्थितिमा राख्दै धेरै पटक मुद्दाको सुनुवाई स्थगन गरियो र सह प्रतिवादीहरुका अधिवक्ताहरुले अनुरोध गरे अनुसार पनि मुद्दाको सुनुवाई स्थगन भयो । अहिले यो मुद्दा नयाँ न्यायाधीशको प्रतिक्षामा छ ।

***

*अदालतले कुनै विषेश प्रमाण पेश गर्न आदेश गरेको र संबन्धित अधिकारीहरुले आदेश अनुरुपको प्रमाण पेश गरे नगरेको निश्चित गर्न कुनै मापन नगरेको कारणले पनि मुद्दाको पुर्पक्षमा ढिलाई भएका छन् ।*

**<u>नेपाल सरकार विरुद्ध  भिम अधिकारी भन्ने भिम नेपाली</u> (आई एल एफ नेपाल ८६५) ( अधिवक्ताहरु कमल घिसिङ र कोपिला श्रेष्ठ )**

३० बर्षे भिम अधिकारी अरु दुईजना सह अभियुक्तहरु सहित १९ अक्टोबर, २००८ मा पक्राऊ परे । उनी  एक मजदुर हुन् । उनलाई  ज.क. र चोरी गरेको अभियोग लगाईयो । अदालतले नोभेम्बर १३ ,२००८ मा प्रतिवादीहरुको सम्पति रोक्का गर्ने आदेश दियो र चार महिना पछि ५ मार्च,२००९ मा साक्षी बकपत्र भयो । यी कुनै पनि सुनुवाईमा कुनै पनि प्रतिवादी पक्षका अधिवक्ताहरु उपस्थित थिएनन्  र पिडित भनिएकाहरु कोहि पनि अदालतमा उपस्थित भएर वकपत्र गरेनन् ।

आई एल एफ नेपालले उक्त मुद्दा मार्च २०११ मा लियो । त्यतिबेलासम्म मुद्दामा कुनै प्रगति नभईकनै २ बर्ष वितिसकेको थियो र तिनैजना सह प्रतिवादीहरु लगभग तीन बर्ष थुनामा बसिसकेका थिए ।  कानुनी समयसिमा एक बर्ष भन्दा बढि पक्षलाई थुनामा राखेको भन्ने आधार लिएर पक्षलाई थुनामुक्त गरिनुपर्छ भनेर आई एल एफ नेपाल तत्कालै बन्दि प्रत्यक्षिकरणको निवेदन दर्ता गरायो । सर्वोच्च अदालतका रजिष्टारले निवेदन लिन अस्विकार गरे र आई एल एफ नेपालल दरपिट आदेश विरुद्ध निवेदन गर्‍यो । जिल्ला अदालतले अरु सुचनाहरु प्राप्त गर्नका लागि मुद्दालाई निरन्तरता दिएको अवस्थामा प्रतिवादीलाई थुनामा राखिनु गैरकानुनी भन्न नमिल्ने भन्ने नजिर (नेपाल सरकार विरुद्ध कुमार गुरुङ, आइ एल एफ नेपाल ३१६ माथि हेर्नुहोस्) उल्लेख गर्दै सर्वोच्च अदालतले उक्त बन्दी प्रत्यक्षिकरणको निवेदन खारेज गर्‍यो ।

यो मुद्दामा जाहेरवाला अनुपस्थित रहेको कारणले नभई जिल्ला अदालत आफ्नै कारणले प्रकृया लम्बिएको थियो । यो मुद्दामा हाम्रो पक्ष र अन्य सह अभियुक्तहरुलाई ज.क. मुद्दा लगाईएकोले उनीहरुलाई हुन सक्ने संभावित सजायमा पिडितलाई भनिएकाहरुलाई क्षतिपुर्ति दिनका लागि उनीहरुको सम्पति रोक्का गरिन्छ । जिल्ला अदालतले तिनै जना सह प्रतिवादीहरुको संबन्धित गृह जिल्लाका गा.वि.सहरुलाई उनीहरुको सम्पतिको विवरण पठाउनका लागि पत्र पठायो । अदालतले धेरै पटक यस्तो पत्र पठाए पनि संबन्धित गा.वि.स हरुले त्यसको प्रत्युत्तर पठाएनन् । यदि अदालतले विषेश प्रमाण झिकाउने आदेश गर्‍यो भने अदालतले उक्त प्रमाणहरु पेश भए भन्ने कुरा सुनिश्चित गर्नु पर्छ र मुद्दाको पुर्पक्ष गर्ने र प्रतिवादीको थुना अवधि बढाउन अनुमति दिनु हुँदैन । यो मुद्दामा आदेश गरिएका  सुचना उपलब्ध गराईयो भन्ने कुरा सुनिश्चित गर्नका लागि केहि पनि नगरी अदालतले मुद्दाको पुर्पक्षमा ढिलाई गरिरह्यो । अन्तत्वगत्वा आई एल एफ नेपालले उक्त कामको जिम्मा आफैं लियो दुईजना प्यारालिगललाई व्यक्तिगतरुपमै यो जानकारी लिन संबन्धित गा.वि.समा पठायो । एकजना प्यारालिगलले काठमाडौं जिल्ला अदालतको पत्र लिएर हप्तौं लगाएर दोलखा र सिन्धुपाल्चोक जिल्लाका गा.वि.स मा पुर्‍याए ।  गा.वि.स.बाट उनले दुईवटै सह अभियुक्तहरुको कुनै पनि सम्पति नरहेको भन्ने विवरणको पत्र प्राप्त गरे ।  हाम्रा जनकपुर कार्यालयका अर्का प्यारालिगल उदयपुर जिल्लामा पुगेर हाम्रो पक्षको नाममा सम्पति नरहेको भन्ने प्रमाणीत गरेको पत्र ल्याए । यो सम्पतिको मुल्याङ्कनको पत्र अदालतमा बुझाईयो र अन्तत्वगत्वा काठमाडौं जिल्ला अदालतले अन्तिम सुनुवाईको लागि १२ सेप्टेम्बर २०११ को मिति तोक्यो ।

**<u>नेपाल सरकार विरुद्ध कुल बहादुर भुजेल</u> (आइ एल एफ नेपाल २०७) (अधिवक्ता नीलम पौडेल)**

कुल बहादुर भुजेललाई मार्च १९, २००९ मा पक्राउ गरियो र ज.क. को अभियोग लगाइयो । थुनछेकको समयमा पिडित भनिएकी अदालतमा उपस्थित भईन् र पहिलेको उल्लेख गरिएको तथ्यभन्दा फरक बयान दिईन । तथापि जिल्ला अदालतले मुद्दा खारेज गर्न अथवा हाम्रो पक्षलाई धरौटी माग्न र छोड्न अस्विकार गर्‍यो । आई

एल एफ नेपालले निर्णय उपर पुनरावेदन अदालतमा निवेदन दर्ता गऱ्यो तर पुनरावेदनले पनि हाम्रो पक्षलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी जिल्ला अदालतले गरेको निर्णयलाई नै सदर गऱ्यो । त्यसपछि सरकारी पक्षका कुनै पनि महत्वपुर्ण साक्षीहरु अदालतमा उपस्थित भएर बकपत्र गरेनन् । जिल्ला अदालतले अन्तिम सुनुवाईको लागि तारिख तोक्न अस्विकार गऱ्यो किनभने अदालतले आदेश गरे बमोजिम हाम्रो पक्षको सम्पति रोक्का गर्ने बारेमा संबन्धित गा.वि.स बाट प्रत्युत्तर पत्र आउन बाँकि थियो ।

अदालतले महिनौंसम्म मुद्दालाई यथास्थितिमा राखिसकेपछि र हाम्रो पक्ष पक्राउ परेको एक बर्षभन्दा बढि समय बितिसकेपछि आई एल एफ नेपालले पक्षको शिघ्र सुनुवाईको हकको उलंघन भयो भन्दै मुद्दा खारेज गरी पक्षलाई थुनामुक्त गरिनुपर्छ भनेर अक्टोबर २०१० मा निवेदन दर्ता गऱ्यो । पुनरावेदन अदालतले मुद्दा खारेज गर्न अस्विकार गरेता पनि जिल्ला अदालतलाई मुद्दा यथासिघ्र टुङ्ग्याउने आदेश दियो । अरु थप धेरै महिनासम्म हाम्रो पक्षको सम्पत्ति सबन्धि कागजात पाउनका लागि आई एफ नेपालले विभिन्न गाविसमा साथै सरकारी अधिकारीहरुसँग संपर्क गर्नुपऱ्यो । अन्तत्वगत्वा अप्रिलको अन्तिमतिर जिल्ला अदालतले हाम्रो पक्षको सम्पत्तिको विवरण प्राप्त गऱ्यो र अन्तिम सुनुवाईको तारिख तोक्यो । त्यसपछि पनि अदालतले पिडित भनिएकीलाई उपस्थित हुनका लागि म्याद जारी गर्दै धेरै पटक अन्तिम सुनुवाईको तारिख स्थगन गऱ्यो तर उनी कहिल्यै अदालतमा उपस्थित भईनन् । धेरै महिनापछि अन्तिम सुनुवाई भयो र हाम्रो पक्षलाई कसुरदार ठहऱ्याइयो । अहिले मुद्दा पुनरावेदनको चरणमा छ ।

***

*अदालतले देवानी विवाद फौजदारी न्याय प्रणाली अन्तर्गत पर्दैन भन्ने तर्क स्विकार गऱ्यो ।*

**नेपाल सरकार विरुद्ध मिलन लिम्बु (आई एल एफ नेपाल ८५२) (अधिवक्ता सानु डङ्गोल )**

मिलन लिम्बुले आफनो कोठाको भाडा समयमा तिर्न सकेनन् । अनि घरवालाले उनलाई घर छोडेर जान भने, तर मिलनले घरवालाको कुरा अस्विकार गरे । किनभने उनी थोरै थोरै पैसा जम्मा गरेर घरभाडा तिर्न चाहन्थे । तर उसले यसो गर्ने मौका नपाउँदै घरवालाले उसलाई चोरीको आरोप लगाए र उसलाई पक्राउ गरियो ।

सामान्यतया कानुनीरुपमा भाडावालालाई घरबाट निकाल्दा नेपालको कानुन भाडावालाकै पक्षमा छ र मिलनलाई कानुनीरुपमा घरबाट निकाल्दा घरवालालाई निश्चय नै लामो समय खर्चनु पर्थ्यो र उसले धेरै कसरत गर्नुपर्थ्यो । घरवालाको लागि गैरकानुनी नै भए पनि प्रहरी बोलाएर आफुले अनिच्छाएको भाडावालालाई निकाल्नु सजिलो उपाय थियो । प्रस्तुत प्रमाणहरु र आइ एल एफ नेपालका तर्कहरुलाई जिल्ला अदालतले स्विकार गऱ्यो र पक्षलाई सबै अभियोगबाट सफाई दियो ।

***

*अधिकारीहरुले मुद्दामा भएको फैसला वा आदेशलाई कार्यान्वयन भए नभएको सुनिश्चित नगरेका कारणले गर्दा पनि धेरै प्रतिवादीहरु गैरकानुनीरुपमा थुनामा रहेका छन् ।*

**नेपाल सरकार विरुद्ध संजय शाह कानु (आई एल एफ नेपाल हेटौडा १६) (अधिवक्ता चञ्चला कैनी)**

संजय शाह कानु सेप्टेम्बर २०१० मा पक्राउ परे र उनलाई केही सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइयो । उनको वकिल थिएन र उनले तोकिएको १५,०००। धरौटी तिर्न सकेनन् र उनलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाईयो ।

१० अगष्ट २०११ मा कानुलाई आइ एल एफ नेपालका अधिवक्ताले विरगंज कारागारमा भेट्दा उनी आफ्नो मुद्दामा के भईरहेको छ भन्नेबारेमा अनभिज्ञ थिए ।

आई एल एफ नेपालका अधिवक्ताले पर्सा जिल्ला प्रशासन कार्यालय विरगंजमा गएर मुद्दाको बारेमा बुझे । मिसिल हेर्दा प्रमुख जिल्ला अधिकारीले मार्च २०११ मा नै उनको मुद्दाको टुङ्गो लगाईसकेका रहेछन् र उनलाई ५,००० रुपैंया जरिवाना तोकिएको रहेछ । जब यस विषयमा प्रजिअसँग कुरा गरियो, उनले आफुसँग कानु थुनामा रहेको रेकर्ड नभएको जानकारी दिए । उनले कानुले धरौटी तिरेर फरार रहेको भन्ने ठानेका रहेछन् । आई एल एफ नेपालका अधिवक्ताले आफ्नो पक्षको गैरकानुनी थुनाबाट तत्काल रिहाईको लागि प्रजिअबाट आदेश पत्र बनाउन लगाइ जेलसम्म पुऱ्याए र त्यसको एकदिन पछि उनी लगभग एक बर्ष लामो थुनाबाट मुक्त हुँदा कानुका आफन्त उनको रिहाईको प्रतिक्षा गरिरहेका थिए ।

*विगत तीन महिनासम्म आई एल एफ नेपालमा International Fellow कोरुपमा योगदान दिनुभएकोमा लिया ब्राउनलाई धन्यवाद साथै अब आउँदो तीन महिनाको लागि आई एल एफ नेपालका लागि International Fellow कारुपमा आउनु हुने सोल डेभिसलाई स्वागत गर्दछौं । डेभिस Legal Aid Society in New York मा खासगरी बालबालिकाका मुद्दा हेर्ने अधिवक्ता हुनुहुन्छ ।*

नाताली रे

कार्यकारी निर्देशक

आई एल एफ

सुसन ली

आई एल एफ नेपाल

कार्यवाहक राष्ट्रिय निर्देशक

२०६८/७/१३

**Address: Uma Bhawan, Surya Marg No. 19, Babarmahal, Kathmandu, Nepal**
**Telephone: +977 (0) 1 422 3545 Email: ILFNepal@wlink.com.np Website: www.TheILF.org**